**जीतपुरसिमरा उपमहानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**जीतपुर, बारा**

**मधेश प्रदेश, नेपाल**

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०८०/११/१४)

जीतपुरसिमरा उपमहानगरपालिका नगर प्रहरी ऐन, २०७९ को दफा १० बमोजिम गठित पदपूर्ति समितिको निर्णयानुसार नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनको कार्यालय समयभित्र दरखास्त फाराम भरी बुझाउन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | उमेर | न्यूनतम शैक्षिक योग्यता | खुला तथा समावेशी | मागपद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१/२०८०-०८१ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो | १८ वर्ष पूरा भै २४ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ४० वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको | खुला | १ (एक) | |
| २. | ०२/२०८०-०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | १८ वर्ष पूरा भै २३ वर्ष ननाघेको तर सुरक्षा निकायमा कार्यरत वा अवकाश प्राप्तको हकमा ३७ वर्ष ननाघेको | मान्यता प्राप्त शिक्षण संस्थाबाट १० कक्षा वा सो सरह उत्तिर्ण गरेको | खुला | ७ (सात) | |
| ३. | ०३/२०८०-०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | | | महिला | २ (दुई) | |
| ४. | ०४/२०८०-०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | | | आदिवासी/ जनजाति | १ (एक) | |
| ५. | ०५/२०८०-०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | | | मधेसी | १ (एक) | |
| ६. | ०६/२०८०-०८१ | नगर प्रहरी जवान | श्रेणी विहिन | | | दलित | १ (एक) | |

- **दरखास्त दिने अन्तिम मिति:** २०८०/१२/०४
- **परीक्षा हुने मिति, समय र स्थान:** दरखास्त दिने अन्तिम मितिको भोलि पल्ट प्रकाशन गरिनेछ।
- **पारिश्रमिक तथा सुविधा:** नेपाल सरकारको नियमानुसार
- **दरखास्त आवेदन फाराम पाउने र बुझाउने स्थान:** जीतपुरसिमरा उपमहानगरपालिका जीतपुर, बारा
- **परीक्षाको किसिम:**
  क) शारीरिक तन्दरूस्ती/विस्तृत स्वास्थ्य परीक्षण
  ख) लिखित र अन्तरवार्ता
- **दरखास्त फाराम दस्तुर:** नगर प्रहरी सहायक निरीक्षकको लागि रू.७००/- (सात सय), नगर प्रहरी जवानको लागि रू.५००/- (पाँच सय) जीतपुरसिमरा उपमहानगरपालिकाको राजस्व प्रशासन शाखामा रकम जम्मा गरेको भौचर दरखास्त फारामसँगै संलग्न राख्नु पर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रू.१००/- (एक सय) थप दस्तुर बुझाउनु पर्नेछ।
- दरखास्त फाराम तथा पाठ्यक्रम उपमहानगरपालिकाको वेबसाइट: www.jeetpursimaramun.gov.np मा राखिएको छ।

**आवश्यक कागजातहरू: आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरू संलग्न राख्नु पर्नेछ।**

- नेपाली नागरिकताको प्रतिलिपि - थान १
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि - थान १
- अनुभवको प्रमाणपत्रको प्रतिलिपि (सुरक्षा निकायबाट सेवानिवृत्तको हकमा) - थान १
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्रको सक्कल प्रति - थान १
- सम्बन्धित ईलाका प्रहरी कार्यालय वा वडा प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्रको सक्कल प्रति - थान १

**आधारभूत शर्तहरू:**

- पुरूषको हकमा उचाई घटीमा ५ फिट २ इन्च, छाती ३१.३३ इन्च, तौल ५० के.जी.;
- महिलाको हकमा उचाई घटीमा ५ फिट र तौल ४२ के.जी.;
- कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

**विस्तृत जानकारीको लागि सम्पर्क:** ०५३-४१२१७३, ९८५५०२९१०९, ९८५५०७५१११

**द्रष्टव्य:** रीतपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

\- **प्रमुख प्रशासकीय अधिकृत**